April 17, 2024

National News

<u>प्रमुख समाचार:-</u>

1. लोकसभा चुनावको पहिलो चरण र अरुणाचल प्रदेश अनि सिक्किम विधानसभा चुनावको प्रचारप्रसार आज समाप्त, शुक्रबार मतदान हुँदै

2. लोकसभा चुनावको चौथो चरणको लागि भोलि अधिसूचना जारी हुने

3. प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा आज त्रिपुराको चुनावी ऱ्यालीलाई सम्बोधन

4. देशभर आज रामनवमी पर्व मनाइँदै; राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा जनतालाई शुभकामना

5. अनि आईपीएल क्रिकेटमा अहिले साँझ साढे सात बजे गुजरात टाइटन्सले दिल्ली क्यापिटल्सको सामना गर्ने

## 1. LS Campaigning

लोकसभा चुनावको पहिलो चरणको प्रचारप्रसार आज साँझ ५ बजे समाप्त भयो। यस चरणमा शुक्रबार १७ राज्य र चार केन्द्र शासित प्रदेशका १ सय दुई लोकसभा सीटका लागि मतदान हुँदैछ। जसमा तमिलनाडुका ३९, राजस्थानका १२, उत्तर प्रदेशका आठ, मध्य प्रदेशका ६, उत्तराखण्ड, असम र महाराष्ट्रका पाँच–पाँच, बिहारका चार, पश्चिम बंगालका तीन, अरुणाचल प्रदेश, मणिपुर र मेघालयका दुई–दुई सीट रहेका छन् भने छत्तीसगढ, मिजोरम, नागाल्याण्ड, सिक्किम, त्रिपुरा, अण्डमान-निकोबार, जम्मू-कश्मीर, लक्षद्वीप र पुडुचेरीबाट एक-एक सिट समावेश गरिएको छ। अप्रिल १९ मा सिक्किम विधानसभाको ३२ र अरुणाचल प्रदेश विधानसभाको ६० सिटमा पनि मतदान हुनेछ।

## 2. LS Poll 4th Phase Notification

लोकसभा चुनावको चौथो चरणको लागि भोलि अधिसूचना जारी हुनेछ। यस चरणमा, मे 13 मा नौ राज्य र एक केन्द्र शासित प्रदेशको 96 लोकसभा सीटहरूका लागि मतदान हुनेछ। अप्रिल २५ सम्म मनोनयन दर्ता गर्न सकिने छ । एकल चरणमा हुने आन्ध्र प्रदेश विधानसभा चुनाव र ओडिशा विधानसभा चुनावको लागि पनि भोलि नै अधिसूचना जारी हुनेछ।

## 3. PM – Tripura

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज त्रिपुराको चुनावी ऱ्यालीलाई सम्बोधन गर्ने क्रममा कांग्रेस र कम्युनिष्ट पार्टीको गठबन्धनको कडा आलोचना गर्नुभयो। उहाँले दक्षिणी राज्य केरलामा दुवै पार्टी एकअर्काका कट्टर शत्रु भएको बताउनुभयो। अगरतलाको एक ऱ्यालीमा, श्री मोदीले भारतीय जनता पार्टी भ्रष्टाचार हटाउन चाहन्छ तर कांग्रेस भ्रष्टाचारीलाई बचाउन चाहन्छ भन्नुभयो। कांग्रेस र कम्युनिष्ट पार्टीलाई अवसरवादीको संज्ञा दिँदै उहाँले भाजपा सत्तामा आएपछि कांग्रेस र कम्युनिष्ट पार्टीको 'पूर्व लुट' नीति बन्द भएको बताउनुभयो।

## 4. Karnataka Campaign

कांग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीले आज कर्नाटकको मण्डियामा एक ऱ्यालीलाई सम्बोधन गर्नुभयो। उहाँले पार्टी घोषणापत्रमा उल्लिखित विभिन्न वाचाहरू दोहोऱ्याउनुभयो । यसैबीच, आज बेंगलुरुमा, बेंगलुरु उत्तर लोकसभाबाट भाजपा उम्मेद्वार र केन्द्रीय मन्त्री शोभा करन्दलाजेले प्रधानमन्त्री श्री नरेन्द्र मोदीले अप्रिल २० मा बेंगलुरुमा ऱ्यालीलाई सम्बोधन गर्ने बताउनुभयो। यस कार्यक्रममा बैंगलोरका सबै पार्टी कार्यकर्ताहरू सहभागी हुनेछन्।

## 5. Priyanka Gandhi – Road Show

अखिल भारतीय कांग्रेस कमिटी महासचिव प्रियंका गान्धीले आज सहारनपुरको संसदीय सीटबाट कांग्रेस उम्मेदवार इमरान मसूदको समर्थनमा रोड शो गर्नुभयो। प्रधानमन्त्रीलाई निशाना बनाउँदै उहाँले श्री मोदीले सत्यको होइन शक्तिको पूजा गर्ने गरेको बताउनुभयो। श्रीमती प्रियंका गान्धीले भाजपा सरकारले गरीबहरूको होइन तर सधैं धनीहरूकै मात्र गोजी भरेको आरोप लगाउनुभयो। पहिलो चरणमा सहारनपुरमा अप्रिल १९ मा मतदान हुँदैछ ।

## 6. Punjab – Kisan

पञ्जाबका धेरै किसान संघहरूले आज अमृतसर-दिल्ली रेल मार्गमा अनिश्चितकालीन रेल रोको आन्दोलन सुरु गरेका छन्। आन्दोलनका कारण ३४ वटा रेलको सञ्चालन प्रभावित भएका छन् । रेलवेले 11 ट्रेनहरू रद्द गरेको छ। अन्य केही रेलको रुट परिवर्तन गरिएको छ । प्रहरीले आन्दोलनरत किसानलाई रोक्ने प्रयास गरे पनि किसानहरूको ठूलो संख्या सबै ब्यारिकेड तोडेर रेलमार्गमा पुगेका थिए । किसानहरूले आफ्ना तीन नेतालाई तत्काल रिहा गर्न माग गरिरहेका छन् ।

## 7. Chhattisgarh – LS Election

छत्तीसगढको नक्सल प्रभावित बस्तर निर्वाचन क्षेत्रका लागि मतदान टोली संवेदनशील क्षेत्रतर्फ प्रस्थान गरेको छ। यहाँ अप्रिल १९ मा पहिलो चरणमा मतदान हुँदैछ। नक्सल प्रभावित संवेदनशील क्षेत्रमा व्यापक सुरक्षा व्यवस्था मिलाइएको हाम्रो संवाददाताले जानकारी दिएका छन् । छत्तीसगढको बस्तर लोकसभा क्षेत्रको नक्सल प्रभावित संवेदनशील क्षेत्रमा हेलिकप्टरबाट मतदान टोली पठाइँदैछ। विजापुर, सुकमा, दन्तेवाडा, कोन्डागाउँ र नारायणपुर जिल्लाका दुर्गम र संवेदनशील क्षेत्रका करिब १५० मतदान केन्द्रमा करिब ३ दिन अगाडी हेलिकप्टरबाट मतदान दल पठाइएको छ । मतदान शान्तिपूर्ण रुपमा सम्पन्न गर्नका लागि यी संवेदनशील क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ । बस्तर लोकसभा निर्वाचन क्षेत्रमा केन्द्रीय सशस्त्र पुलिस बलको लगभग 350 अतिरिक्त कम्पनीहरु तैनाथ गरिएको छ।

## 8. Gujarat Accident

गुजरातको अहमदाबाद वडोदरा राजमार्गमा रहेको नाडियाद नजिक आज सडक दुर्घटना हुँदा कम्तीमा १० जनाको मृत्यु भएको बताइएको छ । अहमदाबाद वडोदरा राजमार्गको नाडियाद नजिकै एक तीव्र गतिमा गुडिरहेको कार एक स्थिर ट्याङ्करमा ठोक्किएपछि दुर्घटना भएको हो। खेडाका प्रहरी अधिकारीका अनुसार आठ जनाको घटनास्थलमै ज्यान गएको छ। घाइतेहरुलाई उपचारका लागि नडियाद सिभिल अस्पतालमा लैजाँदै गर्दा दुई जनाको उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । प्रारम्भिक जानकारी अनुसार कार बडोदराबाट अहमदाबाद जाँदै थियो।

## 9. Ramnavami

रामनवमी पर्व आज देशभर श्रद्धा र हर्षोल्लासका साथ मनाइँदैछ । यस दिनलाई भगवान रामको जन्मजयन्तीका रूपमा मनाइन्छ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखर र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशबासीलाई रामनवमीको शुभकामना दिनुभएको छ। अयोध्यामा आज चैत्र रामनवमी मेलाको रौनक देखिएको छ । नवनिर्मित श्री रामलला मन्दिरमा पहिलो पटक रामजन्मोत्सव मनाइएको छ ।

## 10. Myanmar – Aan San Su Kyi

म्यानमारको जेलमा थुनिएकी नेतृ आङ सान सुकीलाई जेलबाट रिहा गरी घरमै नजरबन्द गरिएको छ । उनको बिग्रँदै गएको स्वास्थ्यलाई ध्यानमा राखेर यो निर्णय गरिएको सैनिक-सरकारले जनाएको छ ।

## 11. UAE - Flood

संयुक्त अरब इमिरेट्समा विनाशकारी वर्षाका कारण आएको बाढीले गर्दा जनजीवन प्रभावित भएको छ । दुबई अन्तर्राष्ट्रिय विमानस्थलले यात्रुहरूलाई अत्यावश्यक बाहेक यात्रा नगर्न सल्लाह दिएको छ।

## 12. IPL Cricket

आईपीएल क्रिकेटमा आज गुजरात टाइटन्सले अहमदाबादको नरेन्द्र मोदी क्रिकेट स्टेडियममा दिल्ली क्यापिटल्सको सामना गर्नेछ। यो खेल अहिले साँझ साढे सात बजेदेखि हुनेछ ।

13. IMD Weather

मौसम विभागले आगामी चार दिनसम्म ओडिशा र पश्चिम बङ्गालको गंगा क्षेत्रमा चर्को गर्मी हुने अनुमान गरेको छ । झारखण्ड, उत्तरी कोंकण, सौराष्ट्र, मध्य महाराष्ट्र, तटीय आन्ध्र प्रदेश, तेलंगाना, तमिलनाडु र पुडुचेरीमा लूको सम्भावना जनाएको छ। महाशाखाले आगामी तीन दिन भारतको पूर्वी र दक्षिणी प्रायद्वीपका केही भागमा अधिकतम तापक्रम दुईदेखि तीन डिग्री सेल्सियससम्म बढ्ने अनुमान गरेको छ । मौसम पूर्वानुमान महाशाखाले भोलिदेखि आइतबारसम्म उत्तरपश्चिम भारतमा मेघगर्जन र हावाहुरीसहित वर्षाको सम्भावना रहेको जनाएको छ । जम्मु कश्मीर, लद्दाख, गिलगिट, बाल्टिस्तान, मुजफ्फराबाद, हिमाचल प्रदेश र उत्तराखण्डमा वर्षाको सम्भावना छ। विभागले आगामी तीन दिनमा पञ्जाब, हरियाणा, चण्डीगढ र दिल्लीमा छिटपुट वर्षा हुने पनि पूर्वानुमान गरेको छ ।